**Volume 04, Issue 02, 2025. pp. 113–120**
Research Article
DOI: https://doi.org/10.62078/grks.2025.v04i02.011

GS WOW
Wisdom of Worthy Research Journal

# यमपुरीको महल उपन्यासमा डायस्पोरा

**ज्ञानबहादुर भुजेल**
उपप्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय

**Article Info**

*Article History*
Received: 2025 September 10
Accepted: 2025, December 16

*Email*
bhujelgyanu99@gmmail.com

*Cite*
Bhujel, G. B. (2025). यमपुरीको महल उपन्यासमा डायस्पोरा. *GS WOW: Wisdom of Worthy Research Journal*, *4*(2), 113–120. https://doi.org/10.62078/grks.2025.v04i02.011

**Abstract**

प्रस्तुत लेखमा होमनाथ सुवेदीद्वारा रचित यमपुरीको महल उपन्यासलाई डायस्पोराको सिद्धान्तमा विश्लेषण गरिएको छ। डायस्पोरा उत्तरआधुनिक युगमा विकसित भएको अन्तर्विषयक समालोचना पद्धति हो। विश्व साहित्यको परिवेश र परिधि अत्यन्तै तीव्र गतिले बदलिँदै जाँदा नेपाली साहित्यले पनि त्यसलाई पछ्याउँदै अघि बढेको छ। त्यही अनुरूप नेपाली साहित्य आकाशमा डायस्पोरा पनि मौलाउँदै गएको छ। डायस्पोरामा बस्ने मानिसहरूले आफ्नो भाषा, धर्म, संस्कृति, स्वदेश र स्वजनलाई माया मार्न पनि सक्दैनन् र उतैको संस्कृतिलाई स्वीकार गर्न पनि सक्दैनन्। त्यसैले उनीहरू दुई ढुङ्गाको तरुल झैँ बन्न विवश बनेका हुन्छन् । हामी विभिन्न कारणले विदेमा गए तापनि सधैँका लागि उतै बस्नु हुँदैन । विदेशमा रुखबाट पात टिपे झैँ पैसा टिप्न पाइन्छ कि भन्ने मानसिकताबाट हामी मुक्त हुनुपर्छ। विदेशी भूमिमा हामीले सुखले पैसा कमाउन सक्दैनौँ। अरूको हेपाइ खाएर बस्नुपर्छ। आफ्नो अस्तित्व र पहिचान गुमाउन बाध्य बन्नुपर्छ। स्वदेशमा जस्तो स्वतन्त्रता विदेशमा पाइँदैन। मानवीय भावना, एकता र मेलमिलाप पनि कमै पाइन्छ। धेरै ठुलो सपना बुन्दा कहिलेकाहीँ आफूसँग भएको कुरा पनि गुमाउन पुगिन्छ। त्यसैले आफूमा जे जति छ त्यसैमा सन्तुष्ट भई स्वर्गीय आनन्द लिनुपर्छ। सपनाको महल बनाउँदा घर न घाटको पनि बन्न सकिन्छ। ठुलठुला सपना बोकेर विदेशी भूमिमा जाँदा र त्यहाँ अवसर नपाउँदा यमपुरीको महलको पात्र प्रेमले झैँ नारकीय जीवन विताउन बाध्य हुनुपर्छ। हामीले आफ्नै देशलाई स्वर्ग मान्नुपर्छ। नेपाली समाजमा भएका वर्गीय विभेदलाई हटाएर समतामूलक स्वच्छ समाजको निर्माण गर्नुपर्छ भन्ने विचार यस उपन्यासमा व्यक्त गरिएको छ।

*मुख्य शब्दावली* : अभिघात, अन्तर्विषयक, उत्तरआधुनिक ,डायस्पोरा, सीमान्तकृत

## विषय प्रवेश

होमनाथ सुवेदी (२००४) नेपाली भाषा र साहित्यका अनुपम नक्षेत्र हुन् । उनले नेपाली साहित्यको श्रीवृद्धिमा महत्त्पूर्ण योगदान दिएका छन्। उनको लेखन कथा, कविता, उपन्यास तथा समालोचनामा विस्तारित भएको छ। वि.सं. २०२५ मा हिमाल पत्रिकामा प्रकाशित 'अविवेक' कथाबाट साहित्यिक यात्रा शुभारम्भ गरेका सुवेदी डायस्पोरिक उपन्यासका सर्जक र प्रवर्तक हुन्। नेपाली डायस्पोरामा अत्यन्तै सक्रिय स्रष्टा सुवेदीका हालसम्म न्याउली (२०४३), रत्ना (२०४३), त्रिमूर्ति (२०४४), नजर (२०४४), वीणा (२०४५), द्यौराली (२०५१), अङ्कुर (२०५३) र यमपुरीको महल (२०६४) गरी जम्मा आठवटा उपन्यासहरू प्रकाशित भएका छन् । चेतन प्रवाह शैलीलाई अवलम्बन गरी साहित्य सिर्जना गर्ने यिनी समसामयिक युगका प्रगतिवादी उपन्यासकार हुन् । हाल संयुक्त राज्य अमेरिकाको भर्जिनियाको बुडव्रिजमा बस्ने सुवेदी वासिङ्टन डी.सी.मा केन्द्रीय कार्यालय तथा ५२ देशमा शाखाहरू रहेको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका अध्यक्ष पनि रहेका छन् । नेपाली उपन्यासमा

CC BY NC


Copyright (c) 2025: Author(s). Published by Gaurishankar Campus

डायस्पोराको प्रस्तुतिका लागि चर्चित उनका उपन्यासमा आप्रवासीहरूको पीडा, निम्न वर्गीय जीवनका भोगाइ, डायरी शैली, मार्क्सवादी जीवन दृष्टि, नारीवादी चिन्तन, दासताको चित्रण र सांस्कृतिक मिश्रण पाइन्छ । जीवन विसङ्गत भए तापनि जीवन जिउन त्यसैभित्र सङ्गति खोज्नुपर्छ भन्दै उनले मानिसका कर्मशील हातहरूलाई हरेक काममा सदैव अगाडि बढाउन आब्हान गरेका छन् । उनले आफ्ना उपन्यासमा द्वन्द्वात्मक भौतिक वादका साथै स्वदेश छोडेर रोजिरोटीका लागि विदेश गएका तमाम नेपालीहरुको भय, चिन्ता र दुर्दशालाई मार्मिक रूपले चित्रण गरेका छन्।

होमनाथ सुवेदीद्वारा रचित यमपुरीको महल एक उत्कृष्ट उपन्यास हो। यसमा एउटा अशिक्षित वा अर्धशिक्षित व्यक्तिले आधुनिक र अत्याधुनिक विकसित साइबर संस्कृतिले भरिपूर्ण बनेको अन्तर्राष्ट्रिय बजारमा प्रवेश गर्दा अर्थात प्रवेश गर्ने सपना देख्दा उत्पन्न भएको अनेकौँ पीडा र समस्यालाई मुख्य विषयवस्तु बनाइएको छ । यस उपन्यासको मुख्य पात्र प्रेम हो । ऊ म्याग्दी जिल्लाको राखु गाउँको बासिन्दा हो । उसले गाउँमा शिक्षक काम गरेर जीवन चलाउँदै आएको थियो। जागिरबाट निलम्वित भएपछि काम र दामको लागि ऊ अमेरिका जाने निर्णय गर्छ। अमेरिकामा गएर टन्न पैसा कमाएर यमपुरीको महल बनाउने उसले सपना देख्न थाल्छ। ऊ अमेरिका गए पनि सोचेजस्तो हुँदैन। उसले एक वर्षसम्म काम नपाएर कष्टपूर्ण जीवन विताउनु परेको छ। सुरुमा उसलाई डलर नै सबै चिज हो भन्ने भान भएको छ। अमेरिकामा हीरा र उसको पति भरतको सहयोगबाट प्रेमले सेभेनएलेभेनको काम पाउँछ। हीरासित उसको सम्बन्ध नजिक हुँदै जाँदा हीराले प्रेमलाई आफ्नो यौन सन्तुष्टिको साधनका रूपमा उपभोग गर्छे। रातको एघार बजे फोनको धण्टी बज्नासाथ उसले हीरासँग शारीरिक सम्बन्धका लागि तयार हुनुपर्छ तापनि हीराले काम र बस्ने बासको व्यवस्था मिएकोमा ऊ खुसी नै देखिन्छ। अमेरिकाको गल्लीहरूमा हिउँ सोहोर्ने बेल्चाधारी कामदार भए तापनि घर बनाएर ग्रिनकार्ड प्राप्त गर्ने उसको तीव्र अभिलाषा रहेको छ। उसको अमेरिकामा यमपुरीको महल बनाउने सपना अधुरै रहेको छ। यति हुँदाहुँदै पनि उसले नेपालाई नर्क र अमेरिकालाई स्वर्ग ठान्दछ। आफूले कमाएको पैसा नेपाल पठाउँदा घर नबनेकोमा पनि ऊ चिन्तित देखिन्छ। उसले नेपालकी लक्ष्मीप्रिया, अमेरिकामा आत्मीयता देखाउने हीरा र कलासिर्जना वा उपन्यासलाई समेत गरी आफ्नी तिनवटी पत्नी परिकल्पना गर्छ। प्रेमले यी तिनैजनालाई माया गरी आफ्नो अस्तित्व देखाउन चाहेको छ तर इच्छित भूमिमा अनेक समस्याले उत्पन्न गराएको पीडा, वेदना, मानसिक यातना र एकाकीपनका कारण ऊ छटपटाइ रहेको छ। प्रेम बहत्तर वर्षको बुड्यौली उमेरमा रोगग्रस्त शरीर लिएर अमेरिकाको अस्पतालमा तड्पिरहेको हुन्छ। उसलाई रगत दिनुपर्ने भएकाले डाक्टरहरूले हीरालाई रगत ल्याउन अनुरोध गर्दा हीराले त्यो कुरालाई अस्वीकार गरेर अस्पतालबाट हिड्छे। यसरी उमेर छउन्जेल मोजमस्ती लुटेकी हीराले जीवनको अन्तिम अवस्थामा प्रेमलाई कुनै वास्ता गरेकी छैन । विदेशी भूमिको अस्पतालमा प्रेम साहारा विहीन भई छटपटाइ रहेको कारुणिक कुरालाई यस उपन्यासमा मार्मिक ढङ्ले चित्रण गरिएको छ । यसरी यमपुरीको महल बनाउन खोज्ने प्रेमजस्ता कयौँ नेपालीहरू आजीवन विदेशी भूमिमा तड्पिरहेका छन् । उनीहरूको जीवन अस्तव्यस्त बनेको छ। सबैलाई काम प्यारो हुन्छ माम प्यारो हुँदैन। विदेशी भूमिमा सहरीकरणले गर्दा आफ्ना पनि पराइ हुन्छन् । अशक्त भएपछि काम छउन्जेल भाँडो काम सकिएपछि ठाँडो बनाइ दिन्छन् । त्यसैले हामीले आफ्नै देशमा बस्नुपर्छ भन्ने विचार यहाँ प्रस्तुत गरिएको छ। डायस्पोरा नेपाली साहित्यमा देखिएको उत्तरआधुनिक युगको नवीन साहित्य सिद्धान्त हो । यस सिद्धान्तको धरातलाई टेकेर कृतिको विश्लेषण गर्ने विभिन्न उपकरण छन्। ती उपकरणहरू मध्ये यस लेखमा जन्मभूमि र इच्छित भूमि, परादेशीय हुनुको आनन्द र चिन्ता, अल्पसङख्यक तथा सीमान्तकृत हुनुको पीडा, अतीतप्रतिको मोह र विभाजित मानसिकतामा मात्र केन्द्रि त भएर यमपुरीको महल उपन्यामा डायस्पोराको खोजी गरिएको छ।

## समस्याकथन

यमपुरीको महल उपन्यासमा आफ्नो देश छोडेर परदेशमा गई धेरै धन कमाउने चाहाना बुन्दा कयौँ नेपालीहरुले भोग्नु परेको जटिलतालाई मुख्य विषयवस्तु बनाइएको छ । यस उपन्यासको मुख्य पात्र प्रेम अमेरिकाको वासिङ्टन सहरका विभिन्न स्थानहरूमा बसेर पनि मातृभूमि नेपालको म्याग्दीमा पर्ने आफ्नो गाउँ राखुको सम्झनामा चुर्लुम्ब डुबेको छ। यस्तो दोधारे मनस्थितिका कारण ऊ स्नेह, प्रेम,

परिवार र मानवता गुमाउन पुगी विक्षिप्त भई अस्तित्वहीन बनेको छ । प्राज्ञिक दृष्टि कोणले पनि यो नवीन विषय भएकाले यमपुरीको महल उपन्यासमा डायस्पोरा शीर्षकको यस लेखमा डायस्पोराको पहिचान कसरी गर्न सकिन्छ भन्ने कुरालाई मुख्य समस्याको रूपमा राखिएको छ।

## अध्ययनको उद्देश्य

प्रस्तुत लेख उपन्यासकार होमनाथ सुवेदीद्वारा रचित यमपुरीको महल उपन्यासमा डायस्पोराको पहिचान गर्ने विषयसँग केन्द्रित रहेको छ। डायस्पोरालाई विश्लेषण गर्ने अनेक उपकरणहरू भए तापनि यसमा जन्मभूमि र इच्छित भूमि, परादेशीय हुनुको आनन्द र चिन्ता, अल्पसङ्ख्यक तथा सीमान्तकृत हुनुको पीडा, अतीतप्रतिको मोह र विभाजित मानसिकतालाई मात्र चर्चा गरिएको छ। अत : यमपुरीको महल उपन्यासमा डायस्पोराको खोजी कसरी गर्न सकिन्छ भन्ने प्राज्ञिक जिज्ञासाको निरूपण गर्ने कार्यलाई नै यस अध्ययनको मुख्य उद्देश्य बनाइएको छ।

## अध्ययन विधि

कुनै पनि अनुसन्धान गर्दा अध्ययन विधि अन्तर्गत सामग्री सङ्कलन विधि अनिवार्य रूपमा पर्दछ । यस लेखका निम्ति पुस्तकालयीय स्रोतबाट प्राथमिक र द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ। यस क्रममा प्राथमिक स्रोत सामग्रीको रूपमा होमनाथ सुवेदीद्वारा रचित यमपुरीको महल उपन्यास र द्वितीयक सामग्रीको रूपमा डायस्पोरा सम्बन्धि रचना तथा प्रकाशन भएका पुस्तकहरूलाई प्रयोग गरिएको छ। अध्ययनलाई सार्थक बनाउन विवेच्य कृतिको विश्लेषणका सन्दर्भमा डायस्पोराको मान्यतामा आधारित भएर निगमनात्मक विधिको प्रयोग गरिएको छ।

## अध्ययनको सीमाङ्कन

उपन्यासकार होमनाथ सुवेदीको यमपुरीको महल उपन्यासलाई साहित्य समालोचनामा प्रचलित विभिन्न सिद्धान्तहरूको प्रयोग गरी अध्ययन विश्लेषण गर्न सकिन्छ । प्रस्तुत अध्ययन डायस्पोरा साहित्य समालोचनासँग सम्बन्धित छ । डायस्पोरा पद्धतिले अँगालेका कृति विश्लेषणका विभिन्न उपकरणहरु मध्ये जन्मभूमि र इच्छित भूमि, परादेशीय हुनुको आनन्द र चिन्ता, अल्पसङ्ख्यक तथा सीमान्तकृत हुनुको पीडा, अतीतप्रतिको मोह र विभाजित मानसिकतामा मात्र केन्द्रित भएर यमपुरी महल उपन्यासको अध्ययन विश्लेषण गर्नु नै यस लेखको सीमा हो।

## सैद्धान्तिक पर्याधार

डायस्पोरा उत्तरआधुनिक युगमा विकसित भएको अन्तर्विषयक समालोचना सिद्धान्त हो । यसलाई कृति विश्लेषणको महत्त्पूर्ण आधार मानिन्छ। विश्व साहित्यले डायस्पोरासँग जोडिएका डायस्पोरा साहित्य, डायस्पोरा संस्कृति र डायस्पोरा अध्ययनलाई आफ्नो विशाल क्षेत्र बनाइसकेको छ । ग्रिसेली भाषाबाट अङ्ग्रेजीमा आएको डायस्पोरा शब्द अहिले आप्रवासमा अस्तित्वका लागि सङ्घर्षरत समुदायको चिन्तनलाई चिनाउन प्रयोग गरिन्छ । डायस्पोराको शाब्दिक अर्थ भाषा, संस्कृति वा मान्छेको फिँजाइ हो। यसले एउटा स्थानमा केन्द्रित र स्थापित मान्छे र तिनको भाषा संस्कृति फैलिएर जानु भन्ने अर्थ दिन्छ (एटम, २०६७ : २९,३०) । बिसौँ शताब्दीको अन्त्यदेखि डायस्पोरा शब्दको अर्थ विस्तार भएको पाइन्छ। जुनसुकै देशबाट भए पनि आफ्नो मातृभूमिलाई छोडेर अन्य स्थान वा मुलुकमा बस्ने समुदायलाई डायस्पोरा भनिन्छ। त्यस्ता समुदायहरु विदेशी संस्कृतिमा पूर्णत भिज्दैनन् र आफ्नो भाषा, कला, संस्कृति, तथा वेषभुषालाई चटक्क माया मार्न पनि सक्दैनन् । कोही युद्धले, कोही प्राकृतिक प्रकोपले, कोही स्वेच्छाले, कोही राजनैतिक कारणले र कोही शिक्षा आर्जन गर्ने उद्देश्यले आफ्नो जन्मभूमि छोडेर अर्को देशमा जाने गर्छन्। त्यहाँको भौतिक सुखसुविधा र डलर कमाइका मोहले उनीहरु एउटा सानो समाज बनाइ उतै बस्न रमाउँछन् । त्यही समुदायलाई डायस्पोरा भनिन्छ।

डायस्पोरा शब्दले प्राचीन बेविलोनलाई बुझाउँछ । मेसोपोटामियाको नदी किनारमा अवस्थित बेविलोनियामा प्यालेस्टाइनहरु बसोबास गर्थे । त्यहीँ प्यालेस्टाइन यहुदीहरुलाई चालिस वर्ष बन्दी बनाइएको थियो । त्यहाँबाट मुक्त भएपछि आफ्नो जन्मभूमि छोडेर चारैतिर छरिएका यहुदीहरुलाई डायस्पोरा भनियो (भट्टराई, २०६७ : ङ)। तर हाल जुनसुकै जाति वा समुदायका मानिस भए तापनि भिन्न भाषा, संस्कृति, वेषभुषा र चालचलन भएको स्थानमा करले वा रहरले गएर बसोबास गरेको समुदायलाई डायस्पोरा भनिन्छ । डायस्पोराको सम्बन्ध

अभिघातसँग हुन्छ । अभिघात भनेको हिंसा, भय, त्रास र व्यक्तिगत सम्बन्धले मानिसमा पारेको मानसिक र शारीरिक असर हो (शर्मा,२०६८ : ११३) । डायस्पोरिकहरुलाई घर विहीनताको भावले पछ्याइ रहन्छ र आफ्नो पन हराएपछि सांस्कृतिक, ऐतिहासिक र भौगोलिक विछिन्नताले मनमा सधैँ एउटा पूर्व स्मृतिले छोपिरहन्छ । डायस्पोरिकहरुको सम्बन्ध मूल थलो र नयाँ संस्कृति दुईतिर जोडिएको हुन्छ । उसले आफ्नो पहिलेको कला, संस्कृति, भूगोल र इतिहासलाई नयाँ स्थानमा न अपनाउन सक्छ न त त्यसलाई त्यागेर नयाँमा नै रमाउन सक्छ । त्यसैले उसको संस्कृति, कला, इतिहास, भूगोल र धर्ममा ठिमाहापन आई दुई चिरा पर्छ । डायस्पोरिक साहित्य सर्वथा नौलो र परिवर्तित विश्वचेतना बोकेर लेखिएको हुन्छ, जसमा भूगोलका बन्धन चुँडिएको, इतिहासबाट छोपिएको र संस्कृति डाम्पाटे परेको हुन्छ। डायस्पोरा यायावरी जीवन होइन। यो समुदाय मुक्ति र सुरक्षाका लागि विदेसिएको हुन्छ तर त्यहाँ बन्दी झैँ बन्दछ । यो आफ्नो देश बाहिर भिन्न राजनीति, धर्म, भूगोल र संस्कृतिको परिवेशमा पुगेर विभिन्न प्रकारको अस्थायी जीवन बाँच्नेहरूको समुदाय हो । तेस्रो नागरिक भएर अथवा अनागरिकको परिचयमा आफ्नो परिचय गुमाइरहेको तथा अर्को परिचय खोजिरहेको स्थिति हो (भट्टराई २०६४ : ५३) । पहिले देखि बसोबास गरिरहेको स्थान, परिवार, संस्कार र खानपानलाई छोडेर अन्यत्र जाँदा डायस्पोरामा धेरै प्रभाहरू देखिन्छन् । उनीहरूमा मूल थलो छाड्दाको असुरक्षा, अनिश्चितता, एक्लोपन, दुःख, कष्ट र पीडाले भयभित बनेका हुन्छन्। डायस्पोरिकहरूलाई आफ्नो धर्म, संस्कृति, परम्परा, भूगोल, कानुन, स्वदेश र स्वजन नहुँदा निरासा बोध भई विरानोपन र एकाकीपनको पीडा हुन्छ ।विभिन्न कारणले आफ्नो देश छोडेर विदेसिन विवश बनेका नागरिकमा भिन्न परिवेश, साँस्कृतिक भौगोलिक विछिन्नता, अपरिचय आदिका कारण उत्पन्न हुने चेतना डायस्पोरिक चेतना हो। उनीहरूको भोगाइ, देखाइ, अनुभूति, परिवेश आदि प्रतिविम्वित भएको साहित्य नै डायस्पोरिक साहित्य हो। हाम्रो साहित्यलाई नयाँ नयाँ परिभाषा चाहिएको अवस्थामा डायस्पोराले यसमा थप टेवा दिएको छ। नेपाली साहित्यले पनि डायस्पोरिक लेखनलाई ग्रहण गरेको छ। नेपाली डायस्पोरा भन्नाले नेपाली कला, संस्कृति, भाषा, वेषभुषा र चालचलन नभएको स्थानमा सानो समुदाय बनाएर बसोबास गरेका नेपालीहरुलाई चिनिन्छ। खास गरी अमेरिका, क्यानडा, अस्ट्रेलिया, हङकङ, कतार, जापान र सिङगापुर आदि देशहरुमा नेपाली डायस्पोरा दिनप्रतिदिन विकसित हुँदै गएको छ । नेपाली भाषा र साहित्यमा पनि डायस्पोरासँग सम्बन्धि कृतिहरु धमाधम प्रकाशन हुन थालेका छन् । डायस्पोराले नवीन मूल्य, मान्यता र सिद्धान्तको स्थापना गराउँदै नेपाली भाषा र साहित्यको स्तरोन्नतिमा थप टेवा पुऱ्याउँदै आएको छ। डायस्पोरा एउटा देशबाट अर्को देशमा गएर बसेको समाज हो जुन अस्थायी र अत्यन्तै सङक्रमणशील हुन्छ । यस्तो समाजमा बस्ने मानिसहरू सधैँ द्विविधामा हुन्छन् । उनीहरूलाई मूलथलो छोड्दाको चिन्ता र नयाँ समाजसँग घुलमिल हुन नसक्दाको समस्याले सताइरहन्छ । उसले न पुरानो थलोलाई छोड्न सक्छ न नयाँ थलोलाई पूर्ण रूपले अपनाउन सक्छ। यताबाट सधैँ फुक्लिनु र उता कहिल्यै नजोडिनु नै डास्पोराको मूल चिनारी हो

## यमपुरीको महल उपन्यासमा प्रयुक्त जन्म भूमि र इच्छित भूमि

डायस्पोराको एउटा महत्त्पूर्ण पक्ष जन्म भूमि र इच्छित भूमि हो । जन्म भूमि भनेको आफू जन्मेको र इच्छित भूमि भनेको आफू परदेश गएको देश हो । यमपुरी महल उपन्यासको मुख्य पात्र प्रेम हो । उसैको केन्द्रीयतामा उपन्यासको सम्पूर्ण कथावस्तु अगाडि बढेको छ। पश्चिम नेपालको म्याग्दी जिल्लाको राखु गाउँको ऊ स्थायी बासिन्दा हो । उसले कृषक तथा शिक्षक काम गरेर सात जनाको परिवार पालेको छ । उसको जन्म भूमि नेपाल र इच्छित भूमि अमेरिका हो। शिक्षक पेसाबाट निकालिएपछि बेरोजगार भएकाले गाउँलेहरूको अनेक क्षुद्र वचन सुन्न ऊ बाध्य भएको छ। छिमेकी साथी मदन बहादुरले सहरमा घर बनाएकाले प्रेम आफ्नो देश छोडी विदेशमा पैसा कमाउन जानुपर्छ भन्ने सोचमा पुग्छ। त्यसैले प्रेम सपनामा अमेरिका पुगे तापनि विपनामा नेपालमा नै हुन्छ। अमेरिका धनी र डलरको देश हो। घण्टाका हिसाबले जति काम गऱ्यो उति पैसा कमाइन्छ । दुःख भन्ने कुरा हुँदैन । चिल्लो कारमा हिड्न र ठुलाठुला महलमा बस्न पाइन्छ भन्ने सोचले नै प्रेम जन्म भूमि नेपाल छोडेर र इच्छित भूमि अमेरिका गएको हो । यद्यपि उसले सोचे जस्तो सुखको अनुभूति त्यहाँ

गर्न पाउँदैन र उसको यमपुरीको महल बनाउने सपनाहरू सबै लथालिङ्ग र भताभुङ्ग हुन्छन् । उसले सोचे जस्तो नभएपछि कामको खोजिमा भौँतारिन्छ । काम नपाएर उसले एक वर्षसम्म रेलको डब्बाभित्र सुत्नु पर्‍यो । ऊ पाए खान्थ्यो नपाए भोकै सुत्थ्यो । उसको कपाल बाह्र हात लामो भएको थियो भने दाह्रीले जमिन छोइसकेको थियो । यसरी नेपाललाई नर्क र अमेरिकालाई स्वर्ग देख्ने प्रेमले इच्छित भूमिमा अनेकौँ दुःख, कष्ट, पीडा र यातना भोग्नु परेको छ । अमेरिका गएर पनि नेपालीहरूले सजिलै काम पाउँदैनन् । अमेरिका भनेको नेपालीहरूका लागि यमपुरीको महल झैँ हो । नेपाल र अमेरिका यी दुई देशमा आकाश र पातालको फरक छ । अमेरिकामा धेरै धन कमाएर नेपालमा सुखसयल गर्ने तीव्र अभिलाषाले नै प्रेम जन्म भूमि नेपाललाई छोडेर र इच्छित भूमि अमेरिकामा पलायन भएको हो । विदेशमा नेपालीहरूले कस्तो पीडा बेहोर्नु पर्छ भन्ने कुरालाई उपन्यासमा प्रेमले पाएको दुःखबाट प्रष्ट हुन्छ “मैले बेल्चा उठाएँ । मसँग पैसा थिएन । बेल्चा थियो, तर त्यसदिन कसैले मलाई पत्याएन । मेलै कुनै काम पाइनँ । सदा म मेरो आश्रम सबवेमा आएर ढल्थेँ तर त्यसदिन मसँग भित्र पस्ने पैसा थिएन । त्यो ठन्डीको दिन, भोको पेट......नाङ्गो शरीर ... मैले पीडा भोगैं । एक बस स्टपको छाप्रोमुनि रात काटैं । दोस्रो दिन कामको लागि पुनः यात्रा सुरु गरैं । कसैले पत्यायन । यस्तो गति त कुनै शत्रुलाई पनि न परोस् । म हतास भएँ” (पृ .२६) । यसरी नेपालीहरूले विदेशमा गएर भोग्नु परेको समस्यालाई प्रेमको दुःखदायी जीवनबाट प्रष्ट भएको छ । । विदेशमा आफूले सोचेजस्तो हुँदैन । हामीले इच्छित भूमिलाई होइन जन्मभूमिलाई नै कर्मभूमि बनाउनुपर्छ । जन्मभूमिलाई छाडेर इच्छित भूमिमा जाँदा धेरै दुःख भोग्नुपर्छ । स्वर्गमा कमाएर नरकमा सुखभोग गर्ने सपना देख्दा नै कयौँ नेपालीहरूले प्रेमले झैँ दुःख झेल्नु परेको छ । त्यसैले हामी सम्पूर्ण नेपालीहरूले आफ्नै देशमा बस्नुपर्छ भन्ने विचारहरू यस उपन्यासमा देखाइएको छ ।

### यमपुरीको महल उपन्यासमा प्रयुक्त परादेशीय हुनुको आनन्द र चिन्ता

डायस्पोराको अर्को महत्त्पूर्ण पक्ष परादेशीय हुनुको आनन्द र चिन्नता पनि हो । यस उपन्यासको पात्र प्रेम परादेशीय भएर जन्म भूमि नेपाल र इच्छित भूमि अमेरिकामा बसेको छ । उसले हातमा पासपोर्ट र भिसा लिएर अमेरिका जान प्लेनमा चढ्दा तथा हीरालाई प्रेमिका र रोजगार दाताको रूपमा अनि हीराको नै चिल्लो कारमा गुड्न पाउँदा आनन्दको अनुभूति गरेको देखिन्छ । तर उसलाई भिसाको म्याद सकिएर अवैध रूपमा बस्नु पर्दा, भने जस्तो काम नपाउँदा, हिउँको थुप्रो सोहोर्दा पनि ३.५ मात्र डलर हात लाग्दा, पाएको जागिरबाट डेविटले निलम्वन गर्दा, हीराले आफ्नो यौन तृप्तिको साधन बनाउँदा र विरामी भएर अस्पतालमा भर्ना हुँदा साथमा कोही पनि नभएकाले उसमा चिन्ता उत्पन्न भएको छ । त्यसैले डायस्पोरामा बस्ने मानिसहरूलाई धेरै दुःख र थोरै सुख हुन्छ भन्ने कुरा प्रेमको घटनाबाट प्रष्ट भएको छ । डायस्पोरामा पैसा नै महान् इच्छा र सपना हो । तर त्यो इच्छा र पैसा नै जीवनको लागि असन्तुष्टिको विशाल खाडल पनि हो । परादेशीय हुँदा के कस्ता आनन्द र चिन्ता हुन्छ भन्ने कुरा उपन्यासका यी पङ्तिबाट प्रष्ट पारिएको छ “वयरहाउस त्यो ठाउँ हो, जहाँ भारतको व्यापारको गोदाम छ । वयरहाउसमा भएको अपार्टमेन्ट, अमेरिकामा अनडकुमेन्टेड, वर्करहरुलाई कम पैसामा बढी काम लिनुपर्दा बस्न सुविधा दिने अपार्टमेन्ट हो । कुनै न कुनै यी साना व्यापारीहरूले श्रमको मोलबाट अतिरिक्त मूल्य उठाउन यस्तो व्यवस्ता गरेका हुन्छन् । वास्तवमा यो पनि कुनै निःशुल्क हैन, तर निःशुल्क जस्तो देखिन्छ । खासगरी इम्प्लोयरका विश्वास पात्र इनचार्ज र मेनेजरहरूलाई यो सुविधा सजिलै उपलब्ध छ । कर्मचारीको विचमा यो गौरवको प्रमाण पनि हो । त्यसैले म त राजा र कुकुरले नखाने गाली पनि खान्छु । कामको लागि हो । दुई पैसा भए पनि बचाएर आफ्नो देशमा पठाउँछु । तिनै पुर्खा, तिनै सन्तान, तिनै मित्र र शत्रुका लागि । अपार्टमेन्टको भान्सातिर गएँ । मान्छेहरू आउने जाने त गर्छन् तर कसैले कसैसित कुरा गर्दैनन् । म त विना अधिकारको इनचार्ज न हुँ”(पृ .१०५) । यस भनाइबाट प्रेमको आर्जनमा गौरव र उसले भोगेको विसङ्गति प्रकट भएको छ । विदेश पलायन हुनु नै धन कमाउन तथा आफ्नो पुर्खा र सन्तानको इच्छा पूर्ति गर्नका लागि हो । तर प्रेम जस्ता हजारौँ नेपालीहरूले विदेशमा के कस्ता कष्ट भोगिरहेका छन् भन्ने कुरा भोग्नेलाई मात्र थाहा हुन्छ । रातदिन रेस्टुराँमा काम गर्दा पनि प्रेमले आफ्नो मनोकांक्षा पुरा गर्न सकेको छैन । त्यसैले डायस्पोरा भनेको सुखको कल्पना मात्र हो । तथापि दुःख, समस्या, यातना

र तनावको पोको पनि हो। प्रेम अलिकति पैसा हुनासाथ चुरीफुरी गर्दै यमपुरीको महल बनाउने कल्पनामा आन्नदित हुन्छ तर घर परिवार सम्झिँदा मानसिक तनावले रोगी झैँ छटपटाउन थाल्छ। त्यसैले परादेशीय हुँदा आंशिक आनन्द र अधिक चिन्ता हुन्छ भन्ने विचारहरू यस उपन्यासमा व्यक्त गरिएको छ।

## यमपुरीको महल उपन्यासमा प्रयुक्त अल्पसङ्ख्यक तथा सीमान्तकृत हुनुको पीडा

डायस्पोरालाई विश्लेषण गर्ने अर्को मुख्य आधार भनेको अल्पसङख्यक तथा सीमान्तकृत हुनुको पीडा पनि हो। विरानो ठाउँमा आफू आफ्नो भाषा, धर्म, संस्कृति र चालचलन सबैबाट वञ्चित भइन्छ। यो समस्या बेहोर्नु भनेको नै अल्पसङ्ख्यक हुँदाको पीडा हो। आफ्नो जन्मभूमिलाई त्यागेर काम र मामको खोजिमा अमेरिका गएका सबै आप्रवासी नेपालीहरूलाई सस्तो कामदारको रूपमा विदेशीहरूले उपभोग गरिरहेका हुन्छन्। त्यसको प्रतिनिधित्व यमपुरी महल उपन्यासको पात्र प्रेमले गरिरहेको छ। अमेरिकनले नेपालीहरूको जति श्रम र शोषण गरे पनि उनीहरूलाई केही गर्न नसक्नु, जे भन्यो त्यही मान्नु, आफ्नो समुदाय नहुनु, जति दियो उति हात थाप्न बाध्य हुनु, पहिचान गुमाएर बस्नु र सामुहिक रूपले आफ्नो श्रमको मूल्य पाउनुपर्छ भनेर आवाज उठाउन नसक्नु नै अल्पसङख्यक तथा सीमान्तकृत हुनुको पीडा हो। अमेरिकामा बल्लतल्ल काम पाएपछि प्रेम अलि ढुक्क देखिन्छ तर विना कारण डेविटले जागिरबाट निकालेपछि उसले ठुलै सास्ती बेहार्नु परेको छ। हिउँको थुप्रो सोहोर्दा पनि उसले ३.५ डलर मात्र पाएको छ। विरामी भएर अस्पतालको शैयामा छटपटाइ रहदा प्रेमलाई हीराले छोडेर गइन् र बहत्तर वर्षको उमेरमा बुढ्यौली शरीर लिएर अस्पतालमा साहाराविहिन भई बस्न ऊ बाध्य भएको छ। उपन्यासका यी घटनाहरु प्रेमका लागि सीमान्तकृत र अल्पसङ्ख्यक हुनुको मूल कारण हुन्। ऊ हीराका अश्लील गालीहरू डमी (चुतीया), डम (निच) र इडियट (मूर्ख) लाई पनि हाँसेर सहन विवश बनेको छ (एटम, २०६७ : ४४)। त्यति मात्र होइन उसले आफ्नै सहकर्मी साथी ज्याक र मेरी तथा रोजगार दाता भरतबाट पनि मानसिक यातना पाएको छ। ठुलठुला महलहरूमा गोरा मानिसहरू आनन्दसँग बसेका छन् भने आप्रवासीहरू कामदारका रूपमा खटिरहेका छन्। आफ्नो जन्मभूमि छोडेर विदेशी भूमिमा जानुको दुःख र यातनाको चरम अनुभूति पनि यही हो। विदेशी भूमिमा अल्पसङख्यक तथा सीमान्तकृत हुँदा कस्तो समस्या आइपर्छ भन्ने कुरा यी पङ्तिबाट प्रष्ट हुन्छ। "बिहान आठ बजे रेस्टुरेन्टमा पुगेर बेलुकी एघार बजेसम्म निरन्तर काम, मेरा हातका औँला छियाछिया थिए। दुई–तीन तला छालाका तह खुइलिएर पलाएर पनि खुइलिसकेका थिए। म पूर्ण तः दबाइएको प्राणी थिएँ। मुख खोल्न हुन्नथ्यो" (पृ.४६)। वास्तवमा प्रेमले अमेरिकामा पाएको जागिर यही हो। अमेरिकामा गएपछि पत्करसरी पैसा टिप्न पाइन्छ र सुखैसुखमा जीवन विताउन सकिन्छ भन्ने नेपालीहरूको दिवास्वप्नलाई यही वाक्यले तोडिदिएको छ। त्यसैले डायस्पोरामा बस्ने मानिसहरू तनावैतनाव, पीडैपीडा र दुखैदुःखको पोखरीमा डुब्नु सिवाय अर्को कुनै विकल्प छैन। प्रेम आफैमा हराउनु, एक्लो हुनु, साथीभाइको सहयोग नपाउनु, मनमा अनेक पीडा भए तापनि भित्रभित्रै लुकाएर बस्न बाध्य हुनु नै सीमान्तकृत र अल्पसङ्ख्यक हुनुको ज्वलन्त उदाहरण हो।

## यमपुरीको महल उपन्यासमा प्रयुक्त अतीतप्रतिको मोह

अतीतप्रतिको मोहलाई डायस्पोरिक साहित्यको एक अभिन्न पक्ष मानिन्छ। डायस्पोरामा बस्ने मानिसहरूले इच्छित भूमिमा पाएको दुःख, कष्ट, पीडा र तनावलाई केही कम गराउन आफ्नो पुर्ख्यौली भूमिको अतीतलाई सम्झेका हुन्छन्। यस उपन्यासको पात्र प्रेमको जीवनमा दुःखको क्षण आउँदा अतीतको सम्झनाबाट त्यसलाई केही पलका लागि भए तापनि भुलेर आनन्द प्राप्त गरेको छ। अतीत दुःखदायी र कष्ट्युक्त भए पनि डायस्पोरिकहरूका लागि पछि सम्झना आउँदा त्यो मुक्तिको द्वारजस्तो लाग्ने गर्छ। प्रेमले अमेरिकामा हिउँ सोहोर्दा आफ्नो गाउँको खेतमा धान गोडेको तथा हीराले काम र बस्ने बास दिए तापनि निच, चुतिया र मुर्ख भन्ने शब्दले गाली गर्दा आफ्नी लक्ष्मीप्रियालाई सम्झेर ती दुःख र तनावलाई भुलेको छ। अतीतमोह नै डायस्पोरामा बस्ने मानिसलाई निरासा, उदासिन, एकाकीपन र विरक्तिबाट मुक्ति दिलाएर चैनको सास फेर्न सहयोग पुऱ्याउने माध्यम हो। उपन्याको यी वाक्यहरूले अतीतमोहलाई प्रष्ट पारेका छन्।"म आठ वर्षको थिएँ। गोपाल सात वर्षको। धना आठ

वर्षकी। यस्तै अरुहरू केटाकेटी ... हामी कान्लामुनि खेल्न गएका थियौँ। यौटा सानो जुर थियो। त्यसमुनिको ओढारमा हामीले घर, गाई र भैँसी बनाएका थियौँ। म श्रीमान्, धना दुलही र गोपाल छोरो। धना र म सँगै सुतेका थियौँ। गोपाल मुसुमुसु हाँसेको थियो" (पृ.३७)। यसले प्रेमलाई अतीतको झझल्को दिएको छ। आफू आप्रवासी भए तापनि आफ्नो बाल्यकाल, बालसखा साथीहरू, जन्मथलो र त्यहाँ आफूले बनाएको घर, गाई र भैँसीलाई सम्झेर उसले तनावबाट केही क्षणको लागि मुक्ति पाएको देखिन्छ। यो कल्पनामा बगेर आनन्द प्राप्त गर्ने प्रक्रिया र तत्कालीन समयको दुःख र पीडा छल्ने मानसिक उपाय हो । प्रेम विकसित र सुविधा सम्पन्न मुलुकमा भए पनि उसको मायाममता नेपालमा नै रहेको छ । त्यसैले डायस्पोरामा बस्ने मानिसहरू दुई डुङ्गामा खुट्टा राखेर जीवन निर्वाह गर्दै अतीतलाई सम्झिरहेका हुन्छन् भन्ने कुरा प्रेमको चरित्रबाट प्रष्ट हुन्छ।

## यमपुरीको महल उपन्यासमा प्रयुक्त विभाजित मानसिकता

डायस्पोरा मान्यतालाई विश्लेषण गर्ने अर्को मुख्य आधार विभाजित मानसिकता पनि हो । यस उपन्यासको प्रमुख पात्र प्रेम अमेरिकामा गए तापनि उसले सुख, शान्ति, अमनचैन र मानवीय व्यवहार पाएको छैन । उसलाई घरीघरी आफ्नो जन्मथलोको याद आउँछ। दुःख पर्दा हीराले काममा लगाइ दिएकोमा खुसी भए तापनि हीराले आफूलाई यौनतृप्तिको साधन बनाएकोमा ऊ दुखित भएको छ। प्रेम नेपाललाई कहिले स्वर्ग र कहिले गरिवीले भरिएको नर्क ठान्छ । अमेरिकामा ग्रिनकार्डका लागि मन्दिरको पुजारी बनेर पैसा कमाउदिनँ बरु भोकभोकै बस्छु, ढुङ्गामुढा बोक्छु र आफ्नै देशमा फर्कन्छु भन्ने उसलाई सोच आउँछ। गल्लीहरूमा हिउँ सोरेर तथा होटलमा काम गरेर अमेरिकामा डलर कमाउँदा ऊ दङ्ग पर्छ भने ग्रिनकार्ड र यमपुरीको महलको इच्छाले जीवन सकिन थाल्दा त्यसलाई मूल्यहीन ठानी आफ्नी पत्नी लक्ष्मीप्रियासित नेपालमा नै बस्न चाहान्छ । गाउँमा छँदा अमेरिकाको आकर्षक कमाइले उसलाई लोभ्याउँछ भने अमेरिकामा गएपछि गाउँको रमणीय वातावरण, कला, संस्कृति र मानवीय सम्बन्धको यादले गाउँ नै फर्कौंफर्कौं लाग्छ। अरूलाई देखाउनको लागि मात्र यमपुरीको महल बनाउने तर आफू इच्छित भूमिमा नबस्ने निर्णमा ऊ पुगेको देखिन्छ । यही द्वैत मनस्थिति तथा विभाजित मानसकिताले गर्दा डायस्पोरामा मानिसहरू तड्पिरहेका हुन्छन् भन्ने सत्यतत्थ्य तथा यथार्थपरक विचारहरू यस उपन्यासमा प्रस्तुत गरिएको छ। डायस्पोरामा बस्ने मानिसहरूको समय यो वा त्यो, यसो गरौँ कि तेसो गरौँ भन्ने मानसकितामा अथवा द्वन्द्वमा नै बितेको हुन्छ । प्रेम अमेरिकाको अस्पतालमा भर्ना भएपछि उसलाई हीरा र भरतले पनि छाडेर जान्छन् । यस्तो अवस्थामा ऊ नितान्त एक्लो हुन्छ र अस्पतालको शैयामा छटपटाइ रहन्छ । त्यति बेला उसले आफ्नो परिवार र गाउँ सम्झेको हुन्छ भने अमेरिकामा एकपल पनि बस्न मन लाग्दैन। त्यसैले डायस्पोराका मानिसहरूलाई पुख्र्यौली तथा इच्छित भूमिका राम्रा तथा नराम्रा कुराहरूले सधैँ सताइरहन्छ । त्यसैले यस उपन्यासमा डायस्पोराको आयममा विभाजित मानसिकताको प्रयोग राम्रोसित भएको पाइन्छ।

## निष्कर्ष

यमपुरीको महल डायस्पोरिक शैलीमा रचना गरिएको एक उत्कृष्ट प्रगतिवादी उपन्यास हो। यो अठार भाग र एकसय अट्तिस पृष्ठमा संरचित छ। यो नेपाली साहित्यको पहिलो डायस्पोरिक उपन्यास हो। यसको प्रथम प्रकाशन अमेरिकाको वासिङ्टन डी.सी.मा रहेको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजबाट भएको हो। यो उपन्यास शैली, संरचना, दर्शन र विषयवस्तुले नौलो रहेको छ। विदेशमा कामको खोजिमा गएका मानिसहरूले भोग्नु परेको दुःख, एक्लोपना, विफलता, अनिश्चितता तथा आफ्नो मातृभूमि छोडेर विदेसिनु पर्दाको गहिरो पीडालाई यहाँ मार्मिक ढङ्ले चित्रण गरिएको छ। विदेशमा नेपालीहरूले भनेको जस्तो काम पाउँदैनन्। काम गरेको मूल्य पनि पूरा दिदैनन्। सस्तो दरमा कठिन काम गर्नुपर्छ। मालिकले जति दियो त्यति नै हात थाप्नुपर्छ। अरूको नीच बोली र घृणित व्यवहार सहनुपर्छ। श्रम शोषण र अन्यायलालाई चुपचाप सहनुको कुनै विकल्प छैन। त्यसैले हामी विदेशिने कुरामा धेरै विचार गर्नुपर्छ। विदेशलाई स्वर्ग र स्वदेशलाई नर्क कहिल्यै पनि सम्झनु हुँदैन। जन्मभूमिलाई नै कर्म भूमि बनाउँनुपर्छ भन्ने चिन्तनहरू यस उपन्यासमा व्यक्त गरिएको छ। अमेरिकामा गएपछि त प्रशस्त धन कमाएर छिटै यमपरीको महल बनाउँन पाइन्छ भन्ने तीव्र अभिलाषा बोकेर हिडेको प्रेमले

त्यहाँ अनेकौँ हण्डर खानु परेको छ। उसले धन कमाएर घर बनाउनु त परै जाओस् ग्रिनकार्ड समेत प्राप्त गरेन। भिसाको म्याद सकिएकाले गैरकानुनी रूपमा लुकेर बस्नु परेको छ । हीराले बस्ने बास र केही कामको व्यवस्था गरिदिएकी भए तापनि उसले आफ्नो यौन प्यास मेटाउने साधनका रूपमा प्रेमलाई उपभोग गरेकीछे। उमेर र बल हुँदा सबैको हाइहाइ दुःख पर्दा कोही छैन साथीभाइ भने भैँ बुढ्यौली उमेरमा रोगले ग्रसित भएर अस्पताल बस्दा पनि हीराले यसलाई वास्ता गर्दिन । यसरी कामको खाजिमा विदेश गएका नेपालीहरूले भोगेका दुःख, कष्ट, पीडा, विफलता, अनिश्चितता, एक्लोपन, बेसाहारा भयलाई चित्रण गर्नु नै यस उपन्यासको केन्द्रीय पक्ष हो।

## सन्दर्भसामग्रीहरू


उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* क्रियसन्स।

एटम, नेत्र (२०६७), *नेपाली डायस्पोरा र अन्य समालोचना,* एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि.।

एटम, नेत्र (२०७०), *अन्तर्विषयक नेपाली समालोचना,* एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि.।

कोइराला, कुमारप्रसाद (२०६४), यमपुरी महलको पराऔपन्यासिक मोहनी, *गरिमा,* वर्ष २५ अङ्क १२, साझा प्रकाशन।

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा,* भृकुटी एकेडेमी पब्लिकेसन।

गौतम, कृष्ण (२०६७), *उत्तरआधुनिक संवाद,* भृकुटी एकेडेमी पब्लिकेसन।

गौतम, लक्ष्मणप्रसाद (२०६६), *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना,* ओरिएन्टल पब्लिकेसन हाउस प्रा.लि।

ज्ञवाली, विष्णुप्रसाद (२०६७), *समसामयिक नेपाली उपन्यास,* पैरवी प्रकाशन।

थापा, हरिसिङ (२०६८), नेपाली साहित्य अन्तर्राष्ट्रिय स्तरको छ, *कौशिकी,* वर्ष ११ अङ्क ३, कौशिकी साहित्य प्रतिष्ठान।

बराल, ऋषिराज (२०६३), *उपन्यासको सौन्दर्यशास्त्र,* साझा प्रकाशन।

बराल, कृष्णहरि र नेत्र एटम, (२०६६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* साझा प्रकाशन

प्रधान, कृष्णचन्द्र सिंह (२०४३), *नेपाली उपन्यास र उपन्यासकार,* साझा प्रकाशन।

भट्टराई, गोविन्द (२०६१), *आख्यानको उत्तरआधुनिक पर्यवलोकन,* रत्न पुस्तक भण्डार।

भट्टराई, गोविन्द (२०६४), *उत्तरआधुनिक विमर्श,* विवेक सिर्जनशील प्रा.लि.।

भट्टराई, गोविन्द (२०६८), *नेपाली डायस्पोरिक साहित्यको प्रथम उपन्यास यमपुरीको महल,* साझा प्रकाशन।

रेग्मी, मुरारीप्रसाद (२०६५), *यमपुरीको महलमा उत्तरआधुनिक मनोविश्लेषणात्मक समालोचना,* भृकुटी।

शर्मा, विन्दु (२०६८), *कथाको अभिघात समोचना,* उन्मेष अङ्क १२, रत्न राज्यलक्ष्मी क्याम्पस।

सुवेदी, राजेन्द्र र कृष्ण गौतम (२०६८), *रत्न बृहत् नेपाली समालोचना,* (सैद्धान्तिक खण्ड), रत्न पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०५३), *नेपाली उपन्यास परम्परा र प्रवृत्ति,* भूमिका प्रकाशन।

सुवेदी, गोरखनाथ (२०६५), *होमनाथ सुवेदीको उपन्यास कारिता, अप्रकाशित स्नातकोत्तर शोधपत्र,* त्रि.वि. नेपाली केन्द्रीय विभाग।

सुवेदी, होमनाथ (२०६८), *यमपुरीको महल,* साझा प्रकाशन।